परिशिष्ट "क"

**श्री सैनिक कल्याणकारी महानिर्देशनालय,**
**बलाधिकृत बिभाग, जंगी अड्डा ।**
**"सैनिक कल्याणकारी छात्रवृत्ति, स्वदेश" सम्बन्धी सूचना**
(प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०४/१० गते)

१. सैनिक कल्याणकारी कोष अन्तरगत सञ्चालित विविध कार्यक्रमहरु मध्ये **शैक्षिक सत्र-२०७८** को **"सैनिक कल्याणकारी छात्रवृत्ति स्वदेश"** प्रदान गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

२. **छात्रवृत्तिको विवरण**

(क) **छात्रवृत्ति रकमः** प्रति विद्यार्थी वार्षिक एकमुष्ट रु.२०,०००।- (बिस हजार) ।
(ख) **छात्रवृत्ति पाउने विद्यार्थी**: नेपाली सेनाका बहालवाला तथा अवकास प्राप्त सैनिकका छोरा/छोरी (बिगतका शैक्षिक सत्रमा छात्रबृत्ति पेश गरेकाको नाम मात्र आवेदन दिनु पर्ने यदि बिगतमा १२ कक्षाको छात्रबृत्ति रकम लिएको हो भने अर्को सन्ततीको लागि आवेदन दिन नपाउने) ।
(ग) **अध्ययनरत रहनु पर्ने कक्षा:** शैक्षिक सत्र २०७८ को लागी छात्रवृत्तिको आवेदन पेश गर्न सो शैक्षिक सत्रमा कक्षा ६ देखि कक्षा १२ सम्म उत्तिर्ण भएको हुनु पर्नेछ ।
(घ) **विद्यार्थीहरुको उमेरः** कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययनको लागि २१ वर्ष उमेर मिति २०७९/०१/०१ गतेसम्म (न) ननाघेको हुनुपर्ने ।

३. **छात्रवृत्ति पाउन योग्य विद्यार्थीहरु**

(क) नेपाली सेनाका बहालवाला तथा अवकास प्राप्त सैनिकका छोरा/छोरी हुनुपर्ने ।
(ख) हिताधिकारीहरुको १ (एक) जना सन्तती (छोरा/छोरी) ले मात्र छात्रवृत्ति प्राप्त गर्ने ।
(ग) शैक्षिक सत्र २०७८ सालमा कक्षा ६ देखि कक्षा १२ सम्म उत्तिर्ण भएका सन्ततीहरुले मात्र यो सुविधा प्राप्त गर्ने ।
(घ) २०७८ सालको वार्षिक परीक्षामा सामुदायिक/सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको समग्रमा ४०% (GPA 1.6) र संस्थागत निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको हकमा समग्रमा ५०% (GPA 2.0) प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्ने (ग्रेडिङ्ग मात्र उल्लेख भएका लब्धाङ्क प्रमाण पत्रमा जस्तैः ग्रेडिङ्ग A+वा D छ भने प्रतिशत वा GPA अनिवार्य रुपमा खुलेको हुनुपर्ने) ।
(ङ) नेपाल सरकारबाट मान्यता प्राप्त विद्यालय तथा महाविद्यालय (कलेज) हरुमा अध्ययनरत हुनुपर्ने (अन्य विदेशी मुलुकबाट नेपालमा संचालित शैक्षिक संस्था भएमा नेपाल सरकारले मान्यता दिएको हुनु पर्ने र मान्यता पाएको कागजात पेश गर्नु पर्नेछ) ।
(च) बहालवाला सैनिकको हकमा नेपाली सेनाको HR Digitization मार्फत रितपुर्वक दर्ता गरिएका सन्तती (छोरा/छोरी) ले मात्र यो सुविधा प्राप्त गर्ने ।
(छ) विगत द्धन्द्धको समयमा घाईते भई सहराको जरुरत पर्ने भनी प्रमाणित भएका बहालवाला तथा अवकाश प्राप्त हिताधिकारी, रामेछाप जिल्लामा आगोलागी नियन्त्रणमा खट्टिदा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका र रसुवा जिल्लाको राम्चेको पहिरोमा परी मृत्यु भएका सैनिक सकल दर्जाका एक दम्पतीको सन्तती मध्ये सैनिक कल्याणकारी कोषको व्ययभारमा संचालित शैक्षिक संस्था वा Empanelled विद्यालयहरुमा १ (एक) जना छोरा वा छोरी अध्ययन गराईरहेको भएमा अर्को १ (एक) जना सन्ततीको र दुई जना सन्तती नै सैनिक कल्याणकारी कोषको व्ययभारमा संचालित शैक्षिक संस्था वा Empanelled विद्यालयहरुमा अध्ययन नगरेको भए २ (दुई) जनाको लागि आवेदन दिन सकिने ।
(ज) २०७२ सालको बिनासकारी भूकम्पमा परी मृत्यु भएका भूकम्प प्रभावित १४ जिल्लाका बहालवाला तथा अवकाश प्राप्त हिताधिकारीका सन्तती भएमा २ (दुई) जनाको छात्रबृत्ति लागि आवेदन दिन पाउने । (सैनिक महाविद्याल वा Empanelled सहुलियत नलिएको भएमा मात्र)
(झ) जुम्ल्याह सन्ततीको हकमा सैनिक शिक्षण संस्थामा अध्ययनको लागि प्रवेश परिक्षा उत्तिर्ण भएको खण्डमा एक सन्तती सहुलियत र एक सन्तती पूर्ण शुल्कमा अध्ययन गराउन पाउंने प्रावधान अनुसार एक सन्तती पूर्ण शुल्कमा अध्ययन गरी रहेको र अर्को सन्ततीले सैनिक शिक्षण संस्थामा सहुलियतमा अध्ययन नगरेको भएमा ।
(ञ) नेपाली सेनाका बहालवाला तथा अवकाश प्राप्त सकलदर्जाले प्रचलित नेपाल कानून बमोजिम धर्म पुत्र वा पुत्रीको रुपमा ग्रहन गरेको एक जना सन्तती ।

४. **छात्रवृत्ति पाउन योग्य नहुने विद्यार्थीहरु**
(क) कल्याणकारी कोषको व्ययभारमा सञ्चालित शैक्षिक संस्थाहरुमा शैक्षिक सत्र २०७८ सालमा (विद्यालय/महाविद्यालयहरु र नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान अन्तर्गत सञ्चालित महाविद्यालयहरु समेत) अध्ययनरत विद्यार्थीहरु । (यदि उक्त महाविद्यालय/विद्यालयहरुमा सःशुल्क (पूर्ण वा आंशिक सहुलियत शुल्कमा वाहेक) अध्ययनरत वा गैरसैनिक तर्फको कोटामा अध्ययनरत विद्यार्थी भए शैक्षिक सत्र २०७८ सालमा सहुलियतमा अध्ययन नगरेको भनी सम्बन्धितबाट दिएको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।)
(ख) कल्याणकारी कोषबाट वितरण हुने **"प्रधान सेनापति छात्रवृत्ति"** प्राप्त गर्ने विद्यार्थीहरु (वीरगति तथा कर्तव्यपालनको सिलसिलामा मृत्यु भएका परिवारले यो छात्रवृत्तिको लागी आवेदन दिन नपाउने र वीरगति प्राप्त तथा कर्तव्य पालनको सिलसिलामा मृत्यु भएका परिवारहरुलाई **"प्रधान सेनापति छात्रवृत्ति"** आवेदन दिन पत्राचार भएको समय सीमा भित्र आवेदन दिने भनी जानकारी गराउनु हुन ।)
(ग) रितपुर्वक तथा तोकिएको समय सिमा भित्र आवेदन पेश नगर्ने विद्यार्थीहरु (स्थान विषेशमा आवेदन दिन छुटेका हिताधिकारीहरु) ले तोकेको समय सिमाभित्र सैनिक कल्याणकारी महानिर्देशनालयमा उपस्थित भई कागजातहरु पेश गर्न आएमा छात्रवृत्तिको आवेदन दिन पाउने तर समय सिमा समाप्त भएपछि उक्त हिताधिकारीहरुले आवेदन दिन नपाउने ।
(घ) हिताधिकारीहरुको १ (एक) सन्तती हाल Empanelled सम्झौता भएका शैक्षिक संस्थाहरुमा अध्ययनको सुविधा लिएको ।
(ङ) सेवा अवधिमा बिभिन्न कारणले बर्खासी खाली भई कल्याणकारी पारिवारिक सहुलियतको लागि पट्टा प्राप्त नगरेको व्यक्तिहरुले कल्याणकारी छात्रबृत्तिको लागि आवेदन दिन नपाउने ।
(च) नेपाल भन्दा बाहिर विदेशी विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु ।

५. **निवेदन साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु**

| बहालवाला तर्फ | अवकास प्राप्त तर्फ |
|---|---|
| (क) चारित्रिक प्रमाण पत्रको प्रतिलिपी । | (क) चारित्रिक प्रमाण पत्रको प्रतिलिपी । |
| (ख) अघिल्लो वर्ष (२०७८) को लब्धाङ्क पत्रको प्रतिलिपी । | (ख) अघिल्लो वर्ष (२०७८) को लब्धाङ्क पत्रको प्रतिलिपी । |
| (ग) जन्म दर्ता प्रमाण पत्र वा नागरिकताको प्रतिलिपी । | (ग) जन्म दर्ता प्रमाण पत्र वा नागरिकताको प्रतिलिपी । |
| (घ) सैनिक परिचय पत्रको प्रतिलिपी (सैनिक परिचय पत्र नबनेको अबस्थामा युनिटबाट परिचय पत्र नबनेको सिफारिस पत्र) | (घ) पेन्सन पट्टाको प्रतिलिपी (सम्बन्धितको नाम र ईच्छाएको व्यक्तिको नाम भएको पाना) |
| (ङ) विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी । | (ङ) विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी । |
| | (च) सम्बन्धित गा.पा./न.पा.बाट नाता प्रमाणित प्रमाण पत्र वा सन्तती विवरण प्रमाण पत्र । |

**नोटः**
१. माथि उल्लेखित कागजादहरु पेश गर्दा विद्यार्थीहरुको नाम, जन्म मिति, लब्धाङ्क पत्रमा प्राप्ताङ्क जस्ता विवरणहरु स्पष्ट रुपमा खुलेको हुनु पर्नेछ ।
२. छात्रवृत्तिको लागि आवेदन दिन आवश्यक प्रतिशत र GPA खुलेको कक्षा ६ देखि ११ कक्षासम्मको लब्धांक पत्र र चारित्रिक प्रमाण पत्र पेश गर्नु पर्नेछ । (कक्षा ८ उत्तीर्ण भई कक्षा ९ अध्ययनरत तथा SEE परिक्षामा सहभागी भईसकेका विद्यार्थीहरुको हकमा निवेदनसाथ हाल लब्धाङ्क पत्र पेश गर्न नसकिने अवस्था भएमा मात्र कक्षा ८ को परिक्षाफल प्रकाशित नभएको र कक्षा ९ मा अध्ययनरत रहेको भनी अभिभावक र विद्यार्थीको नाम तथा जन्ममिति उल्लेख भएको सम्बन्धित विद्यालयको सिफारिस पत्र र SEE परिक्षा दिन प्राप्त भएको सिम्बल नं. सहित खुलेको प्रवेश पत्र निवेदनसाथ पेश गर्नु पर्नेछ) । साथै, छात्रवृत्तिको रकम लिने समयमा प्रतिशत पुगेको र उत्तिर्ण भएको लब्धाङ्क पत्र तथा चारित्रीक प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्ने र आवश्यक परेको खण्डमा सक्कलै प्रति देखाउनु पर्ने छ ।
३. हाल १२ कक्षामा अध्ययनरत रही कक्षा १२ को परिक्षा संचालन भएतापनि लब्धांक पत्र परिक्षाफल प्रकाशित नभएकोले ११ कक्षा उत्तिर्ण गरी हाल कक्षा १२ मा अध्ययनरत रहेको भनी सम्बन्धित माध्यमिक विद्यालयको सिफारिस पत्र पेश गर्ने। साथै, छात्रवृत्तिको रकम लिने समयमा १२ कक्षामा अध्ययनरत विद्यार्थीहरुको प्रतिशत पुगेको र उत्तिर्ण गरेको लब्धाङ्क पत्र तथा चारित्रीक प्रमाण पत्र तथा आबश्यक परेको खण्डमा सक्कलै प्रति देखाउनु पर्ने छ ।
४. विगत द्धन्द्धको समयमा घाईतेको सकलदर्जाको हकमा समारोह संचालन निर्देशनालयको पत्र वा बिगत द्वन्दको घाईते भनी प्रमाणित कागजात, रामेछाप जिल्लामा आगोलागी नियन्त्रणमा खट्टिदा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका र रसुवा जिल्लाको राम्चेको पहिरोमा परी मृत्यु भएका सैनिक सकल दर्जाको हकमा परिचय खुल्ने पत्र वा प्रमाणको प्रतिलिपी, धर्म पुत्र/पुत्रीको लागि छात्रवृत्ति आवेदन पेश गर्न सम्बन्धित वडा कार्यालयबाट धर्म पुत्र/पुत्रीको रुपमा ग्रहन गर्नेको नाम, ग्रहन गरेको मिति (साल मात्र उल्लेख भए पनि हुने) र धर्म पुत्र/पुत्रीको नाम खुलेको सिफारिस पत्र तथा २०७२ सालको भूकम्प प्रभावित १४ जिल्लाका बिनासकारी भूकम्पमा परी मृत्यु भएका हिताधिकारीले सम्बन्धित वडा/गाउंपालिका/नगरपालिकाको सिफारिस पत्र, पूर्णरुपमा क्षति भूकम्प पिडित परिचय पत्र र जुम्ल्याह सन्ततीको हकमा सैनिक शिक्षण संस्थामा एक सन्तती सहुलियत र एक सन्तती पूर्ण शुल्कमा अध्ययन गराउन पाउंने प्रावधान अनुसार एक सन्तती पूर्ण शुल्कमा अध्ययन गरी रहेको र अर्को सन्ततीले सैनिक शिक्षण संस्थामा सहुलियतमा अध्ययन गरेको छैन भनी महाविद्यालयको सिफारिस पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

६. **निवेदन दिने स्थान र मिति**

| सि.नं. | मिति/स्थान | जंगी अड्डामा कार्यरत बहालवाला सैनिक सकल दर्जा | अन्य बांकी बहालवाला सैनिक सकल दर्जा | अवकास प्राप्त सैनिक सकल दर्जा | कै. |
|---|---|---|---|---|---|
| १. | मिति | २०७९/०५/२५ गते सम्म । | | | |
| २. | स्थान | श्री सैनिक कल्याणकारी महानिर्देशनालय, जंगी अड्डा । | आ-आफ्नो युनिट/फर्मेशन | आफूलाई पायक पर्ने नेपाली सेनाको युनिट/फर्मेशन स्थान विषेशका युनिट | |